जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९२ पृष्ठः ४ | २०८३ साउन १४ बिहीबार (Thursday 30 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउन रकम असुली




**मणिलाल विश्वकर्मा**

लहान, १३ साउन। सिरहाको दक्षिणी सीमावर्ती औरही गाउँपालिका-२ तुलसीपुरस्थित वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ताका लागि परिचयपत्र नवीकरणवापत् भन्दै बिचौलियामार्फत रकम असुली गरेको पाइएको छ। शारीरिक रुपले आर्थिक उपार्जन गर्न असमर्थ ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा तथा पाँच वर्षमुनिका बालबालिकाको बाल पोषण आहार भत्ता प्राप्तिका लागि सरकारले उपलब्ध गराएको परिचय पत्र नवीकरण निःशुल्क हुन्छ। तर वडा कार्यालय परिसरमा बिचौलियामार्फत जनही एक सय रुपैयाँ असुली गरेको पाइएको हो। संचारकर्मीहरुको टोली बुधबार दिउँसो वडा कार्यालय पुग्दा स्थानीयसमेत रहेका बिचौलिया रामबाबु यादवले वडाध्यक्ष तथा वडा सचिवको कार्यकक्षकै अगाडि बरण्डामा हाकाहाकी सेवाग्राहीहरुबाट रकम उठाइरहेको भेटिएको छ।

निःशुल्क नवीकरण गरिनुपर्ने सामाजिक सुरक्षा परिचयपत्रको नवीकरणका लागि कसको निर्देशनमा रकम असुल गरिरहेनु भएको हो, यो भ्रष्टचार भएन र ? भन्ने प्रश्नमा उनले भने 'नवीकरण फारम ल्याएर भरेर पनि दिन्छु, त्यहीवापत् लिएको हो।' त्यसरी असुल गरेको रकम वडा कार्यालयमा क-कसलाई दिनुहुन्छ भन्ने प्रश्नमा उनले केही खुलाउन चाहेनन्। बरु अन्य वडाहरुमा पनि यसरी नै रकम लिइरहेको छ भन्दै आफूले लिएको अवैध असुलीको बचाउ गर्न खोजे।

सामाजिक सुरक्षा भत्ताको परिचय पत्र नवीकरण गराउन श्रीमान बृजलालसहित वडा कार्यालय आएकी करिब ६५ वर्षीया कारीवती यादवले दुईजनाको एक सय रुपैयाँ लिएपछि मात्र फारम भरेर दिएको बताइन्। 'वडा सचिवकोमा जाँदा फुर्सद नै छैन भनेर फर्काए' उनले भनिन्, 'बाध्यतावश वडा कार्यालयमै टेबुल कुर्सी लगाएर बसेका अनधिकृत व्यक्तिलाई दुई बूढाबूढीको दुई सय रुपैयाँ तिर्नुपर्यो।' आफ्नो छोराको बाल पोषण आहार भत्ताको परिचयपत्र नवीकरणका लागि वडा कार्यालय आएकी करिब ३१ वर्षीया अनितादेवी यादवले भनिन् 'एक सय

–बाँकी अन्तिम पेजमा

## नारायणी अस्पताल तोडफोड प्रकरण :
# वडाध्यक्षसहित तीन पक्राउ

**दीपकप्रसाद गौतम**

वीरगञ्ज, १३ साउन। वीरगञ्ज महानगरपालिका-२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदीसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। शनिबार वीरगञ्जस्थित नारायणी अस्पतालको आकस्मिक कक्षमा भएको तोडफोड तथा चिकित्सकमाथि भएको कुटपिट घटनाको अनुसन्धानका क्रममा सोधपुछका लागि वडाध्यक्ष चतुर्वेदीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले नारायणी अस्पतालमा भएको तोडफोड र कुटपिटको घटनामा वडाध्यक्ष आशुतोष चतुर्वेदीसहित अंकित पटेल र शैलेश पटेललाई पक्राउ गरिएको पुष्टि गर्नुभयो। उहाँका अनुसार पक्राउ परेका तीनै जनाविरुद्ध अभद्र व्यवहारसम्बन्धी कसुरमा अनुसन्धान तथा कानुनी कारबाही अघि बढाइने तयारी गरिएको छ। आवश्यक म्याद थपका लागि उहाँहरूलाई आजै जिल्ला प्रशासन कार्यालय पर्सामा उपस्थित गराइने प्रहरी नायब उपरीक्षक मल्लले जानकारी दिनुभयो।

**वडाध्यक्षको रिहाइ माग, आन्दोलनको चेतावनी**

यसैबिच, वीरगञ्ज महानगरपालिकाको नगर परिषद् बैठकले वडाध्यक्ष चतुर्वेदीलाई तत्काल रिहा गर्न माग गरेको छ।

–बाँकी अन्तिम पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

# सामाजिक सद्भाव कायम राख्न सिरहा प्रशासनको अपिल

सिरहा, १३ साउन। सुनसरी जिल्लामा भएको घटनापछि धार्मिक तथा साम्प्रदायिक सद्भाव बिथोल्ने उद्देश्यले सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, अफवाह तथा द्वेषपूर्ण अभिव्यक्ति फैलिन सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय सिरहाले सबै नागरिकलाई संयमित हुन आग्रह गरेको छ। बुधबार सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले सूचना जारी गरी पुरानो घटनालाई वर्तमान घटनासँग जोडेर भ्रम सिर्जना गर्ने, कुनै धर्म, समुदाय, संस्कृति वा आस्थामाथि लक्षित गरी घृणा फैलाउने तथा सामाजिक सद्भाव खलबल्याउने गतिविधिबाट टाढा रहन सबैमा अनुरोध गरेका हुन्।




प्रशासनले सिरहा जिल्लामा विभिन्न जातजाति, भाषा, धर्म तथा समुदायबीच कायम रहेको आपसी एकता, सद्भाव, सहिष्णुता र भाइचारालाई जोगाउनु सबै नागरिकको साझा दायित्व भएको उल्लेख गरेको छ। साथै, धार्मिक गुरु, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालालाई सामाजिक सद्भाव संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरिएको छ। साथै, सामाजिक उत्तेजना फैलाउने,

–बाँकी अन्तिम पेजमा



## बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघिः**

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

**बाढी/पहिरो आएमाः**

- अनावश्यक हिँडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## हाजिरीको खेल, सुशासनको चुनौती

सरकारी कार्यालयमा कर्मचारीको नियमित उपस्थितिले मात्र सेवा प्रवाह प्रभावकारी बन्दैन, त्यसले राज्यप्रतिको नागरिकको विश्वास पनि निर्माण गर्छ। त्यसैले हाजिरी रजिस्टर कुनै सामान्य कागजात होइन, सार्वजनिक जवाफदेहिता र प्रशासनिक अनुशासनको आधार हो। सिराहाको सुखीपुर नगरपालिका–८ स्थित आधारभूत नगर अस्पतालका प्रमुख डा. लुस्युनकुमार यादवले साउन महिनाका अधिकांश दिनको हाजिरी एकैपटक गरेको भेटिनु सामान्य प्रशासनिक त्रुटा होइन, सुशासनमाथि उठेको गम्भीर प्रश्न हो।

प्राप्त विवरण अनुसार चालु आर्थिक वर्षको १२ साउनदेखि २८ साउनसम्मको अवधिमा शनिबार र आइतबारको सार्वजनिक बिदासमेत गणना गर्दा १६ दिनमध्ये १३ दिनको हाजिरी एकैपटक गरिएको देखिएको छ। ती हाजिरी वास्तवमै त्यसै दिन गरिएको हो वा पहिले नै गरिएको हो भन्ने स्पष्ट नभए पनि एउटै समयमा धेरै दिनको उपस्थितिको अभिलेख तयार हुनु आफैंमा शंकास्पद अवस्था हो। अझ अस्पतालजस्तो संवेदनशील संस्थामा यस्तो घटना हुनु झन् गम्भीर विषय हो, जहाँ चिकित्सकको प्रत्यक्ष उपस्थितिमाथि नागरिकको स्वास्थ्य र जीवन नै निर्भर रहन्छ।

स्थानीय सरकार सञ्चालनको मूल उद्देश्य नागरिकलाई गुणस्तरीय र सहज सेवा उपलब्ध गराउनु हो। तर सेवा दिने जिम्मेवारीमा रहेका कर्मचारी वा अधिकारीले नै कार्यालय उपस्थितिको न्यूनतम मापदण्ड उल्लंघन गर्न थाले भने संस्थागत अनुशासन कमजोर बन्छ। हाजिरी केवल औपचारिक प्रक्रिया होइन, कार्यसम्पादन, पारिश्रमिक, जिम्मेवारी र सार्वजनिक उत्तरदायित्वसँग प्रत्यक्ष जोडिएको आधार हो। त्यसैले यसको दुरुपयोगलाई सामान्य घटनाका रूपमा लिन मिल्दैन।

घटनामा अर्को चासोको विषय भनेको सम्बन्धित अधिकारीहरूको मौनता हो। प्रमुख प्रशासकीय अधिकृतले स्पष्ट धारणा सार्वजनिक नगर्नु र सम्बन्धित चिकित्सक सम्पर्कबाहिर रहनुले थप आशंका जन्माएको छ। सार्वजनिक निकायका पदाधिकारीले विवादास्पद विषयमा पारदर्शी रूपमा तथ्य प्रस्तुत गर्नु दायित्व हो। मौनता वा पन्छिने प्रवृत्तिले जनविश्वास बढाउँदैन, बरु प्रशासनमाथिको अविश्वासलाई गहिरो बनाउँछ।

यो घटना एक्लो उदाहरण पनि होइन। यसअघि लहान नगरपालिका-१७ को वडा कार्यालयमा कार्यरत वडासचिवले पनि धेरै दिनको हाजिरी एकैपटक गरेको विषय सार्वजनिक भएको थियो। फरक–फरक पालिकामा यस्ता प्रकृतिका घटना दोहोरिनु प्रणालीगत कमजोरीको संकेत हो। यसले हाजिरी व्यवस्थापन, आन्तरिक अनुगमन र प्रशासनिक नियन्त्रण प्रभावकारी नरहेको देखाउँछ एउटै अभ्यास विभिन्न कार्यालयमा दोहोरिनु संयोग मात्र मान्न सकिँदैन।

सार्वजनिक पदमा बसेका व्यक्तिहरू राजनीतिक वा पारिवारिक प्रभावभन्दा कानुन र नियमप्रति बढी उत्तरदायी हुनुपर्छ। सम्बन्धित चिकित्सक नगर प्रमुखका छोरा भएको तथ्यले घटनालाई अझ संवेदनशील बनाएको छ। यद्यपि कसैलाई सम्बन्धका आधारमा दोषी ठहर गर्न मिल्दैन, तर निष्पक्ष छानबिनको आवश्यकता भने झन् बलियो बनाउँछ अनुसन्धान निष्पक्ष र प्रमाणमा आधारित भए मात्र जनताले राज्यका संयन्त्रप्रति विश्वास राख्न सक्छन्।

जिल्ला प्रशासन कार्यालयले हाजिरी रजिस्टर झिकाएर आवश्यक अध्ययन गर्ने जनाएको छ। तर औपचारिक जानकारी मागेर मात्र दायित्व पूरा हुँदैन। वास्तविक उपस्थिति, सेवा प्रवाह, बिरामीको अभिलेख तथा सम्बन्धित कर्मचारीको कार्यसम्पादनलाई समेत आधार बनाएर वस्तुनिष्ठ छानबिन हुनुपर्छ। यदि नियमविपरीत हाजिरी प्रमाणित हुन्छ भने कानुनअनुसार कारबाही हुनुपर्छ, अन्यथा निर्दोष भए स्पष्ट रूपमा तथ्य सार्वजनिक गरिनुपर्छ दुवै अवस्थामा पारदर्शिता नै सबैभन्दा महत्वपूर्ण पक्ष हो।

अब स्थानीय तहहरूले कागजी हाजिरी प्रणालीको सीमितताबाट बाहिर निस्कनुपर्ने समय आएको छ। विद्युतीय वा बायोमेट्रिक हाजिरी, नियमित अनुगमन, आकस्मिक निरीक्षण तथा सार्वजनिक प्रतिवेदनको व्यवस्था लागू गर्न सके यस्ता विवाद न्यून गर्न सकिन्छ। सुशासन भाषणले होइन, प्रणालीले स्थापित गर्छ नागरिकले कर तिरेर सञ्चालन गरेका संस्थामा उपस्थितिको अभिलेखसमेत विश्वसनीय नरहने अवस्था लोकतान्त्रिक शासनका लागि स्वीकार्य हुन सक्दैन। त्यसैले यो घटनालाई एउटा व्यक्तिको कमजोरीमा सीमित नगरी सम्पूर्ण प्रशासनिक संस्कृतिलाई सुधार गर्ने अवसरका रूपमा लिनु आजको आवश्यकता हो।

# अस्थिर राजनीति र प्रदेश शासनको परीक्षा



लोकनाथ घिमिरे

नेपालको संविधान–२०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै राज्यशक्तिको पुनर्संरचना मार्फत शासनलाई नागरिकको नजिक पुऱ्याउने ऐतिहासिक लक्ष्य तय गऱ्यो। सिंहदरबारमा केन्द्रित अधिकार प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्दै समावेशी विकास, सन्तुलित स्रोत वितरण, पहिचानको सम्मान र जनउत्तरदायी शासन स्थापना गर्नु संघीयताको मूल मर्म थियो।

यही उद्देश्य अनुरूप २०७४ सालको निर्वाचनपछि सातवटै प्रदेशमा सरकार गठन भयो र नेपालको संघीय शासन प्रणाली व्यवहारिक कार्यान्वयनमा प्रवेश गऱ्यो। आठ वर्षपछि संघीयताको यात्रालाई फर्केर हेर्दा मिश्रित तस्वीर देखिन्छ। एकातिर प्रदेश सरकारले आफ्नै संसद, सरकार, कानुन निर्माण प्रक्रिया, प्रदेश लोकसेवा आयोग, नीति तथा योजना आयोग तथा प्रशासनिक संरचना विकास गर्दै संघीय शासनको संस्थागत आधार निर्माण गरेका छन्। अर्कोतर्फ, बारम्बारको सरकार परिवर्तन, मुख्यमन्त्री फेरबदल, मन्त्रिपरिषद् विस्तार, केन्द्रको राजनीतिक हस्तक्षेप, प्रदेश प्रमुखसम्बन्धी विवाद, अपूर्ण कानुनी तथा प्रशासनिक संरचना र वित्तीय निर्भरताले प्रदेश शासनको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ।

संघीयताको आठ वर्षमा प्रदेश सरकारबारे दुई परस्परविरोधी धारणा विकसित भएका छन। एउटा धारणा प्रदेश संरचनालाई लोकतान्त्रिक विकेन्द्रीकरणको अपरिहार्य आधार मान्छ भने अर्कोले यसलाई राजनीतिक भागबण्डा, मन्त्री उत्पादन र राज्यको आर्थिक भार बढाउने संयन्त्रका रूपमा चित्रण गर्छ। तर यी दुवै धारणाबीच एउटा तथ्य निर्विवाद छ—प्रदेश सरकारको सफल वा असफलताको मूल्यांकन भावना वा पूर्वाग्रहका आधारमा होइन, तथ्य, संविधान र आठ वर्षको व्यवहारिक अनुभवका आधारमा हुनुपर्छ।

यस अवधिमा प्रदेशमा सरकार परिवर्तनको गति नागरिकको अपेक्षाभन्दा तीव्र रह्यो। गठबन्धन फेरिए, सरकार फेरिएत्र केन्द्रमा सत्ता समीकरण बदलिँदा प्रदेशको नेतृत्व पनि बदलियो। कतिपय प्रदेशमा एउटै कार्यकालमै पटक–पटक मुख्यमन्त्री परिवर्तन भए। मन्त्रालय थपिए, विभाजन भए र फेरि पुनर्गठन गरिए। सरकार सञ्चालनभन्दा सरकार जोगाउने राजनीतिक अभ्यास बढी सक्रिय देखियो। यसको प्रत्यक्ष प्रभाव नीति निरन्तरता, विकास आयोजना, प्रशासनिक स्थायित्व र नागरिकको विश्वासमा परेको छ।

तर यसको अर्थ संघीयता असफल भयो भन्ने होइन। कुनै पनि संघीय शासन प्रणाली एक दशकभित्र परिपक्व हुँदैन। भारत, जर्मनी, क्यानडा र अष्ट्रेलियाजस्ता संघीय लोकतन्त्रिक देशहरूले पनि आफ्नो संस्थागत संस्कार विकास गर्न दशकौँ खर्च गरेका छन। नेपालको चुनौती संरचनाभन्दा कार्यान्वयनमा केन्द्रित छ। त्यसैले आजको बहस प्रदेश आवश्यक छ कि छैन भन्नेमा सीमित हुनु हुँदैनन्न बरु संविधानले परिकल्पना गरेको प्रदेश शासन किन अपेक्षित रूपमा प्रभावकारी हुन सकेन भन्ने प्रश्नमा केन्द्रित हुनुपर्छ। प्रदेश सरकारको आठ वर्षे अनुभवले एउटा स्पष्ट सन्देश दिएको छ—संविधानले अधिकार बाँडफाँट गर्न सक्छ, संस्था निर्माण गर्न सक्छ र शासनको ढाँचा तय गर्न सक्छन्न तर ती संस्थालाई जीवन्त बनाउने काम राजनीतिक संस्कृति, नेतृत्वको उत्तरदायित्व र लोकतान्त्रिक अभ्यासले मात्र गर्न सक्छ। त्यसैले प्रदेश सरकारको समीक्षा गर्दा सरकार परिवर्तनको संख्या मात्र होइन, त्यसका कारण, प्रभाव र सुधारका सम्भावनाको पनि विश्लेषण आवश्यक छ।

**अस्थिरताको अंकगणित : तथ्याङ्कले के भन्छ ?**

प्रदेश सरकारको आठ वर्षे यात्रालाई तथ्याङ्कका आधारमा हेर्दा राजनीतिक अस्थिरता यसको प्रमुख विशेषताका रूपमा देखिन्छ। २०७४ यता सातै प्रदेशमा ३४ जना व्यक्ति ४२ पटक मुख्यमन्त्री बनेका छन् भने ३८९ जना व्यक्ति ५१० पटक मन्त्री (मुख्यमन्त्रीसहित) नियुक्त भएका छन्। कोशी प्रदेशमा मात्र ४० जना व्यक्ति ६५ पटक, मधेशमा ६६ जना ८३ पटक र बागमतीमा ८३ जना ९५ पटक मन्त्री बनिसकेका छन्। यी तथ्याङ्कले सरकार र मन्त्रिपरिषद्को निरन्तर पुनर्गठन प्रदेश राजनीतिमा अपवाद नभई नियमित अभ्यास बनेको देखिन्छ। यसको प्रभाव नीति निरन्तरता, प्रशासनिक स्थायित्व, विकास आयोजना कार्यान्वयन तथा सार्वजनिक सेवा प्रवाहमा परेको छ। त्यसैले संघीयताको सफलताको मापन सरकार वा मन्त्री कति पटक फेरिए भन्ने आधारमा होइन, ती परिवर्तनले नागरिकको जीवनमा कस्तो परिणाम दिए भन्ने आधारमा हेरिनु पर्दछ।

प्रदेशगत अवस्थाले पनि फरक चित्र प्रस्तुत गर्छ। कोशी प्रदेश सबैभन्दा बढी राजनीतिक अस्थिरता भोग्ने प्रदेश बनेको छ। बारम्बारको गठबन्धन परिवर्तन, विश्वासको मत, दल विभाजन र संवैधानिक विवादले कोशीलाई संघीय अभ्यासको सबैभन्दा जटिल प्रयोगशाला बनायो। गण्डकी र लुम्बिनीमा पनि सरकार गठनको उच्च आवृत्तिले सत्ता समीकरणले नीतिगत स्थायित्वमाथि प्रभाव पारेको संकेत गर्छ। यसको विपरीत मधेश प्रदेश तुलनात्मक रूपमा स्थिर देखिए पनि शासनका आफ्नै संरचनागत चुनौतीबाट मुक्त रहन सकेन। सरकार परिवर्तनसँगै मन्त्रिपरिषद्को पुनर्गठन पनि निरन्तर दोहोरियो। मन्त्रालय थप्ने, घटाउने, विभाजन गर्ने वा सत्ता सन्तुलन मिलाउन मन्त्री नियुक्त गर्ने अभ्यासले प्रदेश सरकारको प्राथमिकता नीति कार्यान्वयनभन्दा राजनीतिक व्यवस्थापनमा केन्द्रित भएको आलोचना बलियो बनाएको छ। सरकार परिवर्तन लोकतान्त्रिक प्रक्रियाको स्वाभाविक पक्ष हो। बारम्बारको सरकार परिवर्तनले नीति निरन्तरता, प्रशासनिक स्थायित्व र विकास आयोजनाको प्रभावकारितामा प्रत्यक्ष असर पार्दछ।

राजनीतिक अस्थिरताको अर्को सूचक प्रदेश प्रमुखको भूमिका पनि रह्यो। संविधानतः दलगत राजनीतिभन्दा माथिको संवैधानिक संस्थाका रूपमा परिकल्पना गरिएको प्रदेश प्रमुखको नियुक्ति र सरकार गठनसम्बन्धी कतिपय निर्णय राजनीतिक विवादमा तानिए। केही विषय सर्वोच्च अदालतसम्म पुग्नुले संघीय अभ्यास अझै संस्थागत परिपक्वताको चरणमै रहेको देखाउँछ। तर यी तथ्याङ्कको निष्कर्ष प्रदेश सरकार असफल भए भन्ने होइन। बरु यसले एउटा गम्भीर प्रश्न उठाउँछ—किन एउटै संवैधानिक संरचनाले कतै तुलनात्मक स्थिरता र कतै निरन्तर अस्थिरता उत्पादन गरिरहेको छ? यसको उत्तर व्यक्तिको क्षमताभन्दा राजनीतिक दलको व्यवहार, गठबन्धन संस्कार, केन्द्र–प्रदेश सम्बन्ध र संघीयताको कार्यान्वयन शैलीमा खोज्नुपर्दछ।

**अस्थिरताको जरो : संरचनामा होइन, राजनीतिक संस्कृतिमा**

प्रदेश सरकारको आठ वर्षे अनुभवले एउटा स्पष्ट निष्कर्ष दिन्छ, नेपालको समस्या संघीय संरचनामा भन्दा त्यसलाई सञ्चालन गर्ने राजनीतिक संस्कृतिमा बढी छ। संविधानले प्रदेशलाई कानुन बनाउने, सरकार सञ्चालन गर्ने र आफ्नै नीति निर्माण गर्ने अधिकार दिएको छ। तर व्यवहारमा प्रदेशको राजनीतिक भविष्य प्रायः काठमाडौंको सत्ता समीकरणले निर्धारण गर्ने गरेको छ। केन्द्रमा गठबन्धन फेरिनासाथ प्रदेशमा पनि सरकार फेरिने क्रमले प्रदेशसभाको स्वायत्त भूमिका कमजोर बनायो। परिणामतः प्रदेश सरकार संविधानले परिकल्पना गरेको स्वशासित तहभन्दा केन्द्रको राजनीतिक प्रभाव विस्तार गर्ने माध्यमजस्तो देखिन थाल्यो।

प्रदेश प्रमुखको भूमिकाले पनि यही बहसलाई थप गहिरो बनायो। प्रदेश प्रमुख संविधानको निष्पक्ष संरक्षक हुनुपर्ने अपेक्षा गरिए पनि नियुक्ति प्रक्रिया र सरकार गठनसम्बन्धी निर्णयहरू बारम्बार राजनीतिक विवादमा तानिए। यसले संवैधानिक संस्थाप्रतिको विश्वासमा असर पुऱ्याएको छ। संवैधानिक पदको विश्वसनीयता राजनीतिक पृष्ठभूमिबाट होइन, निष्पक्ष संवैधानिक अभ्यासबाट स्थापित हुन्छ भन्ने तथ्यलाई अब व्यवहारमै पुष्टि गर्नुपर्ने आवश्यकता देखिएको छ।

**अपूर्ण संघीयता : कानुन, कर्मचारी र वित्तीय अधिकारको गाँठो**

राजनीतिक अस्थिरताजत्तिकै गम्भीर चुनौती संघीयताको अपूर्ण कार्यान्वयन पनि हो। संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट गरे पनि ती अधिकार कार्यान्वयनका लागि आवश्यक कानुनी, प्रशासनिक र वित्तीय आधार समयमै तयार हुन सकेन। परिणामतः प्रदेश सरकारले प्राप्त संवैधानिक अधिकारको पूर्ण उपयोग गर्न पाएनन् र नागरिकले पनि संघीयताको अपेक्षित प्रतिफल अनुभूति गर्न सकेनन्। आठ वर्षमा प्रदेशसभाहरूले कृषि, स्वास्थ्य, सहकारी, पर्यटन, उद्योग, वन, वातावरण, सार्वजनिक सेवा, सञ्चार, विपद् व्यवस्थापन र सुशासनलगायतका क्षेत्रमा उल्लेखनीय संख्यामा ऐन निर्माण गरेका छन। शून्य अवस्थाबाट आफ्नै कानुन निर्माण गर्ने क्षमता विकास गर्नु संघीयताको महत्वपूर्ण उपलब्धि हो। तर कानुन निर्माण र कार्यान्वयनबीच ठूलो खाडल देखियो। कतिपय ऐन आवश्यक नियमावलीको अभावमा कार्यान्वयन हुन सकेनन् भने कतिपय संघीय कानुन नबन्दा अलपत्र परे। साझा अधिकार सूचीका विषयमा संघ र प्रदेशबीच अधिकारको व्याख्या स्पष्ट नहुँदा कार्यान्वयनमा अन्योल पनि कायम रह्यो। यसको सबैभन्दा स्पष्ट उदाहरण प्रहरी समायोजन र प्रदेश निजामती सेवा हो। संविधानले प्रदेशलाई शान्ति–सुरक्षा र प्रशासन सञ्चालनमा भूमिका दिएको भए पनि प्रहरी समायोजन अझै पूर्ण हुन सकेको छैन। प्रदेश निजामती सेवाको संस्थागत व्यवस्थापन पनि अपेक्षित गतिमा अघि बढ्न सकेन। अधिकार संविधानमा भए पनि त्यसलाई कार्यान्वयन गर्ने कर्मचारी, संरचना र स्रोतको अभावले प्रदेश सरकार धेरै विषयमा संघीय सरकारमै निर्भर रहन बाध्य भए।

वित्तीय संघीयताको अवस्था पनि सन्तोषजनक छैन। संविधानले राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणको व्यवस्था गरे पनि अधिकांश प्रदेश अझै संघीय अनुदानमा अत्यधिक निर्भर छन्। आफ्नै राजस्वको दायरा सीमित छ भने पूँजीगत बजेट खर्च पनि अपेक्षाअनुसार हुन सकेको छैन। राजनीतिक अस्थिरता, आयोजना छनोटमा हस्तक्षेप, प्रशासनिक कमजोरी र सार्वजनिक खरिद प्रक्रियाको ढिलाइले विकासको गति प्रभावित भएको छ।

**मन्त्रालय विस्तार : आवश्यकता कि राजनीतिक भागबण्डा ?**

प्रदेश शासनको आठ वर्षे अनुभवले अर्को महत्वपूर्ण प्रश्न उठाएको छ, मन्त्रालयहरू संविधान र प्रशासनिक आवश्यकताका आधारमा विस्तार भए कि राजनीतिक भागबण्डा मिलाउन? धेरै प्रदेशमा सरकार परिवर्तनसँगै मन्त्रालय थप्ने, फुटाउने, गाभ्ने र पुनःसंरचना गर्ने अभ्यास दोहोरियो। कतिपय अवस्थामा एउटै विषयवस्तु छुट्टाछुट्टै मन्त्रालयमा विभाजन गरियो भने सरकार फेरिएपछि फेरि

–बाँकी तीन पेजमा

# श्री जनता आधारभूत विद्यालय बथनाहा

**लहान न.पा.–२३, बथनाहा (सिरहा)**

**स्था.: २०४४**

## विद्यालय सहयोगी (का.स.) पदपूर्ति सम्बन्धी सूचना

**मिति : २०८३/०४/१२**

श्री सम्बन्धित सवै ।

प्रस्तुत विषयमा लहान नगरपालिकाको प.सं. २०८३/०८४, चं.नं. १३३, मिति २०८३/०४/०८ गतेको प्राप्त अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०४/१२ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको विद्यालय सहयोगी (का.स.) पदमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुबाट तपसिल बमोजिम सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक स्वः हस्तलिखित निवेदनका साथ दरखास्त पेश गर्नुहुन सम्बन्धित सवैका लागि यो विज्ञापन प्रकाशन गरिएको व्होरा जानकारी गराइन्छ।

**तपसिल :**

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माँग संख्या | न्यूनतम शैक्षिक योग्यता | नियुक्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८३/०८४ | विद्यालय सहयोगी (का.स.) | श्रेणी बिहिन | १ (एक) | कक्ष आठ उत्तीर्ण | अस्थायी करार |

**१. तलव स्केलः** प्रचलित नियमानुसार।
**२. छनौट गर्ने किसिम :** मौखिक वा लिखित अथवा दुवै।
**३. परीक्षा हुने मिति :** सम्पर्क मितिको दिन तोकिनेछ।
**४. परीक्षा हुने स्थान :** श्री जनता आ.वि. वथनाहा लहान–२३
**५. आवेदन दस्तुर :** रु. ५००/– (दस्तुर रकम नेपाल बैंक लिमिटेड लहान शाखा कार्यालय लहानमा रहेको विद्यालयको चलती खाता नं. ०३६००१०६४६८३३००००१ मा बैंक दाखिला गर्नुपर्ने।
**६. दरखास्त दिने अन्तिम मितिः** २०८३/०४/२६ गते सम्म।
**७. सम्पर्क मितिः** २०८३/०४/२७ गते।
**८. दरखास्त पेश गर्ने स्थान र समय :** विद्यालयमा बिदाको दिन बाहेक विहान ६ बजे देखि १२ वजे सम्म।
**९. उम्मेदवारको उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।
**१०. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**
- क. नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी १ प्रति।
- ख. नेपाली राष्ट्रिय परिचय पत्रको प्रतिलिपी १ प्रति।
- ग. शैक्षिक योग्यता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी १/१ प्रति
- घ. हालसालै आधिकारिक चिकित्सक द्वारा प्रमाणित निरोगिता प्रमाण पत्र।
- ङ. हालसालै खिचिएको पासपोर्ट साइजको रंगीन फोटो २ प्रति।
- च. दस्तुर रकम बैंक दाखिला गरेको भौंचरको सक्कल प्रति।

**११. विज्ञापन सम्बन्धी थप जानकारी :**
- दरखास्त दिन योग्य मानिने थप अवस्था असल चालचलन, मानसिक सन्तुलन र शारीरिक अवस्था ठीक भएको र कुनै किसिमको कडा रोग नलागेको स्वस्थ व्यक्तिलाई आवेदनका लागि योग्य मानिनेछ।
- रीत नपुगेको निवेदन माथि कुनै कार्यवाही गरिने छैन।
- सम्पर्क मो.न. ९८१५७४६८२३, ९८४२८२७६१८

**प्रमोद कुमार यादव**
**प्रधानाध्यापक**

# श्री जनता आधारभूत विद्यालय शिशुवारी

**सुरुङ्गा न.पा.–१, सप्तरी**

## करार शिक्षक पदपूर्ति सम्बन्धी सूचना

**मिति : २०८३/०४/१३**

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०४।०४ को निर्णय र सुरुङ्गा नगरपालिका सप्तरीको च.नं. ९५, मिति २०८३।०४।१३ गतेको पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तह, अंग्रेजी विषयको राहत अनुदान (कोटा) मा खुल्ल प्रतियोगिताबाट करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपसिल :**

१. विज्ञापन नं. : ०१/२०८३/८४
२. पद : शिक्षक
३. तह : निम्नमाध्यमिक
४. किसिम : राहत (करार)
५. विषय : अंग्रेजी
६. पद संख्या : १ (एक)
७. शैक्षिक योग्यता : अंग्रेजी मूल विषय लिई प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्णय।
८. दरखास्त दस्तुर : रु. २५००।–
९. आवश्यक कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि, २ (दुई) प्रति पासपोर्ट साइजको फोटो र हस्तलिखित निवेदन।
१०. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
११. तलब स्केल : नेपाल सरकारले तोकेअनुसार।
१२. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता।
१३. दरखास्त दिने मिति : २०८३।०४।१३ गते देखि २०८३।०४।२७ गते सम्म विद्यालय समयभित्र।
१४. सम्पर्क मिति : २०८३।०४।२८ गते विद्यालय समयभित्र।
१५. परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ।

पुनःश्च : तोकिएको अवधिभित्र शिक्षक सेवा आयोगबाट करार सूचीमा सूचीकृत आवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिइनेछ र अन्य आवेदकको दस्तुर फिर्ता गरिनेछ।

सम्पर्क नं. : ९८१२२५८८२१, ९८६१३३८७५०

**प्रधानाध्यापक**

## *अस्थिर राजनीति ...*

गाभियो। यसले प्रशासनिक स्थायित्व मात्र कमजोर बनाएन, सार्वजनिक खर्च भार पनि बढायो। लोकतान्त्रिक व्यवस्थामा मन्त्रिपरिषद् राजनीतिक नेतृत्वको आवश्यक संयन्त्र हो। तर मन्त्रालयको संख्या शासनको आवश्यकताले होइन, सत्ता समीकरणले निर्धारण गर्न थालेपछि त्यसले सुशासन, मितव्ययिता र सार्वजनिक उत्तरदायित्वमाथि प्रश्न उठाउँछ। मन्त्रालय विभाजनले केही अवस्थामा कार्यक्षेत्र विशिष्टीकरणमा सहयोग पुर्‍याए पनि अधिकांश अवस्थामा यसको उद्देश्य गठबन्धन व्यवस्थापन र राजनीतिक सन्तुलन कायम राख्नु नै देखियो। परिणामतः प्रदेश सरकारप्रति नागरिकको विश्वास कमजोर हुँदै गयो।

**नामकरणदेखि प्रदेश प्रमुखसम्म : अधुरा बहस र संस्थागत चुनौती**

संघीयताको प्रारम्भिक वर्षहरू विकास र सेवा प्रवाहभन्दा बढी नामकरण, राजधानी र पहिचानसम्बन्धी बहसमै बिते। कोशी प्रदेशको नामकरणपछि उत्पन्न विवाद होस् वा मधेश प्रदेशको नामकरणमा देखिएको लामो राजनीतिक प्रक्रिया, यी घटनाले संघीयता केवल प्रशासनिक पुनर्संरचना नभई इतिहास, भाषा, संस्कृति र पहिचानसँग जोडिएको राजनीतिक परियोजना पनि भएको पुष्टि गरे। यस्तै, प्रदेश प्रमुखको भूमिकाले पनि संघीय अभ्यासलाई बारम्बार विवादमा तान्यो। संविधानले प्रदेश प्रमुखलाई संवैधानिक अभिभावकका रूपमा परिकल्पना गरे पनि नियुक्ति प्रक्रिया र सरकार गठनसम्बन्धी निर्णयहरू राजनीतिक विवादको केन्द्र बन्न पुगे। यसले एउटा सन्देश दिएको छ—संवैधानिक संस्थाको विश्वसनीयता कानुनी व्यवस्थाले मात्र होइन, त्यसको निष्पक्ष प्रयोगले स्थापित हुन्छ।

**उपलब्धि पनि स्वीकार्नैपर्छ**

प्रदेश सरकारको समीक्षा गर्दा कमजोरी मात्र देख्नु न्यायोचित हुँदैन। आठ वर्षमा प्रदेशहरूले आफ्नै संसद सञ्चालन, कानुन निर्माण, प्रदेश लोकसेवा आयोग स्थापना, नीति तथा योजना आयोग गठन, विषयगत मन्त्रालय सञ्चालन तथा स्थानीय तहसँग समन्वयका संस्थागत अभ्यास विकास गरेका छन्। केही प्रदेशले कृषि, स्वास्थ्य, पर्यटन, उद्यमशीलता र डिजिटल सेवा प्रवाहका क्षेत्रमा उल्लेखनीय पहल पनि गरेका छन्। यी उपलब्धि अझ प्रभावकारी बन्न राजनीतिक स्थिरता, प्रशासनिक क्षमता र वित्तीय स्वायत्तता अपरिहार्य छ। त्यसैले प्रदेश सरकारको मूल्याङ्कन उपलब्धि र कमजोरी दुवैलाई सन्तुलित रूपमा हेरेर मात्र गर्न सकिन्छ।

**अब सुधारको दिशा**

आठ वर्षको अनुभवले संघीयता परिवर्तन होइन, संघीयताको कार्यान्वयनमा तपसिलका सुधार आवश्यक रहेको स्पष्ट गरेको छ।

१. केन्द्र–प्रदेश सम्बन्ध राजनीतिक हस्तक्षेपको होइन, संवैधानिक सहकार्यको आधारमा पुनर्संरचना हुनुपर्दछ।
२. प्रदेश प्रमुखको नियुक्ति र भूमिकालाई निष्पक्ष, मर्यादित र संवैधानिक सीमाभित्र रहने गरी संस्थागत बनाइनु पर्दछ।
३. प्रहरी समायोजन, प्रदेश निजामती सेवा तथा संघीय कानुनसँग सम्बन्धित बाँकी कामलाई उच्च प्राथमिकताका साथ सम्पन्न गर्नु पर्दछ।
४. प्रदेशको वित्तीय स्वायत्तता बढाउन आन्तरिक राजस्वका स्रोत विस्तार, खर्चको गुणस्तर सुधार र परिणाममुखी बजेट प्रणाली विकास गर्न आवश्यक छ।
५. राजनीतिक दलहरूले प्रदेश सरकारलाई सत्ता व्यवस्थापनको माध्यम होइन, संविधानले परिकल्पना गरेको उत्तरदायी शासन तहका रूपमा स्वीकार गर्नुपर्दछ। सरकार परिवर्तन लोकतान्त्रिक अधिकार हो, तर त्यसले जनादेश, नीति निरन्तरता र संस्थागत स्थायित्वलाई कमजोर बनाउने अभ्यास हुनु हुँदैन।

**निष्कर्ष**

संघीयताको आठ वर्षले नेपाललाई एउटा महत्वपूर्ण पाठ सिकाएको छ—संरचना निर्माण गर्नु तुलनात्मक रूपमा सजिलो हुन्छ, तर त्यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने राजनीतिक संस्कृति निर्माण गर्न समय, प्रतिबद्धता र संस्थागत परिपक्वता आवश्यक पर्दछ। आज प्रदेश सरकारको सबैभन्दा ठूलो चुनौती संविधान होइनन् राजनीतिक अस्थिरता, अपूर्ण कार्यान्वयन, केन्द्रको अनावश्यक हस्तक्षेप, कमजोर अन्तरसरकारी समन्वय र नीति निरन्तरताको अभाव हो। त्यसैले संघीयताको भविष्य प्रदेश संरचना रहन्छ कि रहँदैन भन्ने बहसले होइन, प्रदेश सरकारलाई नागरिकको विश्वास जित्ने सक्षम, स्थिर, उत्तरदायी र नागरिकमैत्री शासन तहका रूपमा रूपान्तरण गर्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्नले निर्धारण गर्नेछ। यदि आठ वर्षका कमजोरीबाट राजनीतिक नेतृत्वले आत्मसमीक्षा गर्दै आवश्यक सुधार गर्न सक्यो भने संघीयता नेपालको लोकतान्त्रिक यात्राको सबैभन्दा बलियो आधार बन्न सक्छ। तर प्रदेश सरकारलाई सत्ता समीकरण मिलाउने प्रयोगशालामै सीमित राखियो भने त्यसको असर प्रदेश सरकारमा मात्र सीमित रहने छैनन् यसले संविधान, लोकतान्त्रिक संस्थाप्रतिको विश्वास र समावेशी शासन व्यवस्थाको भविष्यलाई समेत कमजोर बनाउनेछ।

संघीयताको वास्तविक परीक्षा अब सुरु भएको छ। यसको सफलता सरकार वा मुख्यमन्त्री कति पटक फेरिए भन्ने तथ्याङ्कले होइन, प्रदेश सरकारले नागरिकलाई कति गुणस्तरीय सेवा दिन सक्यो, संविधानले प्रत्याभूत गरेका अधिकारलाई कति प्रभावकारी रूपमा कार्यान्वयन गर्‍यो, सुशासन र विकासलाई कति संस्थागत बनाउन सफल भयो तथा लोकतान्त्रिक शासनप्रतिको नागरिकको विश्वास कति बलियो बनाउन सक्यो भन्ने परिणामले मापन हुनेछ। रातोपाटीबाट

## *सामाजिक सुरक्षा ...*

रुपैयाँ तिरेपछि नवीकरणको फारम भराएर बुझाएँ ।'

स्थानीय सेवाग्राहीहरुका अनुसार बिचौलिया यादवले साउनको पहिलो सातादेखि नै परिचय पत्र नवीकरणका लागि रकम असुल गर्दै आएका छन् । त्यसरी असुल गरिएको रकमको केही हिस्सा वडाध्यक्षसम्म पुग्ने गरेको स्थानीयको आरोप छ । वडा कार्यालयका सचिव विनोद मुखियाले आफू पछिल्लो नौ महिनादेखि कार्यरत रहेको जानकारी दिंदै सामाजिक सुरक्षा भत्तासम्बन्धी परिचय पत्र नवीकरणका लागि सेवाग्राहीबाट रकम लिन हुँदैन भन्दै पटक पटक सचेत गराएको भए पनि नटेरेको बताए । 'वडाध्यक्षलाई पनि रोक्न आग्रह गरें, तर बेवास्ता गरियो,' उनले भने ।

वडाध्यक्ष रामअयोधी यादवले भने वडामा कर्मचारीको अभाव हुँदा स्थानीयसमेत रहेकाले सेवाग्रहीको सहजीकरणका लागि काम गरेको हुन सक्ने बताए । तर रकम लिएको विषयमा आफूलाई थाहा नभएको भन्दै पन्छिए। 'आगामी दिनमा ढिलो भए पनि वडा सचिवले नै सेवाग्राहीका लागि सबै काम गर्छन्,' उनले भने । बिचौलियामार्फत सेवाग्राहीबाट अनधिकृत रुपले असुल गरिएको रकमबाट केही हिस्सा लिने गरेको आरोप अस्वीकार गर्दै उनले भने, 'मैले त्यस्तो गलत काम गरेको छैन ।' उनका अनुसार वडा क्षेत्रमा सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिक र बालपोषण भत्ता पाउने पाँच वर्षमुनिका बालबालिका गरी करिब चार सय सेवाग्राही छन् ।

## *नारायणी अस्पताल ...*

परिषद्ले जननिर्वाचित प्रतिनिधिलाई पक्राउ गर्नु अन्यायपूर्ण भएको दाबी गर्दै तत्काल रिहा गर्न सरकारसँग आग्रह गरेको छ । साथै, चतुर्वेदीलाई तत्काल रिहा नगरिए चरणबद्ध आन्दोलन सुरु गर्ने चेतावनीसमेत परिषद् बैठकले दिएको छ ।

## *सामाजिक सद्भाव...*

धार्मिक भावनामा आघात पुग्ने गतिविधि गर्ने वा कानुनविपरीत कार्यमा संलग्न हुने जो–कोहीलाई मुलुकी अपराध संहिता, २०७४ तथा विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कानुनी कारबाही गरिने चेतावनी पनि प्रशासनले दिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी बरालले सिरहामा लामो समयदेखि कायम रहेको धार्मिक तथा सामाजिक सद्भाव सबैको साझा सम्पत्ति भएकाले कुनै पनि अफवाह वा भ्रामक सूचनाको पछि नलाग्न सबैसँग आग्रह गरेका छन् । उनले सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्न, आपसी एकता, सहिष्णुता र भाइचारा कायम राख्न तथा कानुनविपरीत कुनै पनि गतिविधिमा संलग्न नहुन अनुरोध गरेका छन् । साथै, शान्ति, सुरक्षा र सामाजिक सद्भावमा खलल पुऱ्याउने जो–कोहीमाथि प्रचलित कानुनअनुसार कडा कारबाही गरिने पनि स्पष्ट पारेका छन् ।

# बलान नदी कटान रोक्न चार करोडको योजना अघि बढाइँदै





**धीरेन्द्रप्रसाद साह**

राजविराज, १३ साउन । सप्तरी प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. ४ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सीताराम साहले बलान नदी कटानबाट प्रभावित क्षेत्रको स्थलगत अनुगमन गर्नुभएको छ । नदी कटान तथा डुबान नियन्त्रणका लागि करिब चार करोड रुपियाँ लागतको योजना अघि बढाइएको उहाँले जानकारी दिनुभएको छ ।

मंगलबार सुरुङ्गा नगरपालिकाको चकदह क्षेत्रमा बलान नदीले किसानको खेतीयोग्य जमिन कटान गरिरहेको अवस्थाको सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय, राजविराजका प्राविधिक इन्जिनियरसहित स्थलगत निरीक्षण गरिएको हो । निरीक्षणपछि तत्काल ठेक्का प्रक्रिया अघि बढाई करिब एक करोड रुपियाँ लागतमा कटान नियन्त्रणका संरचना निर्माण गर्ने निर्णय गरिएको सांसद साहले बताउनुभयो ।

स्थानीयवासी सुरज यादवका अनुसार विगत केही वर्षदेखि निरन्तर भइरहेको नदी कटानका कारण हालसम्म पाँच सय विघाभन्दा बढी खेतीयोग्य जमिन बगरमा परिणत भइसकेको छ । यसबाट किसानको जीविकोपार्जनमा गम्भीर असर परेको भन्दै प्रभावितहरूले शीघ्र संरक्षण कार्यको माग गरेका छन् ।

त्यसैगरी, बलानबिहुल गाउँपालिकाको बेल्ही क्षेत्रमा बलान नदीको बाढीबाट हुने डुबान तथा कटान नियन्त्रणका लागि पनि सोही दिन प्राविधिक टोलीसहित स्थलगत निरीक्षण गरिएको थियो । निरीक्षणपछि करिब तीन करोड रुपियाँ लागतमा तटबन्ध निर्माण गर्ने योजना अघि बढाइएको तथा साउन मसान्तभित्र ठेक्का आह्वान गर्ने प्रक्रिया सुरु गरिएको जनाइएको छ । यसबाट बाढी र कटानको समस्या दीर्घकालीन रूपमा न्यूनीकरण हुने अपेक्षा गरिएको सांसद साहले बताउनुभयो ।

यसैबिच, सांसद साहको उपस्थितिमा बलानबिहुल गाउँपालिका र खडक नगरपालिकामा जनगुनासो सुनुवाइ, भेटघाट तथा छलफल कार्यक्रम पनि सम्पन्न भएको छ । कार्यक्रममा स्थानीय बासिन्दाले नदी कटान, बाढी नियन्त्रण, कृषि, सडक, सिँचाइ तथा अन्य विकास निर्माणसम्बन्धी समस्या तथा सुझाव प्रस्तुत गरेका थिए । सांसद साहले स्थानीय सरोकारका विषयलाई सम्बन्धित निकायसँग समन्वय गरी प्राथमिकताका साथ समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।


## जग्गा विक्री सम्वन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/१३**

यस श्रमजिबी वचत तथा ऋण सहकारी संस्था लि. लहान को संचालक समिति को मिति २०८३/०४/०९ मा बसेको बैठक को निर्णयानुसार संस्था को नाउँमा रहेको देहाय बमोजिमको अचल सम्पत्ति (जग्गा) जस्तो छ त्यस्तै अवस्थामा बोलपत्र मार्फत विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

**१. जग्गाको विवरण :**

| क्र.सं. | जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | सिरहा | लहानगोठ | ९ | ३८३ | ०-०-१० |

**२. शर्त तथा नियमहरु :**

- **बोलपत्र फारम प्राप्त गर्ने र बुझाउने स्थान :** संस्थाको कार्यालय लहान ८ मा ।
- **फारम शुल्क :** दस्तुर रु. १०००। (पछि फिर्ता नहुने गरी )
- **धरौटी रकम :** आफूले प्रस्ताव गरेको कुल मूल्यको १० प्रतिशत रकम संस्थाको सिद्धार्थ बैंक मा रहेको खाता नं. ०२०१५२५९५२८ मा जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्र साथ संलग्न हुनुपर्नेछ ।
- **दस्तावेजहरु :** बोलपत्र साथ नेपाली नगरिकताको प्रतिलिपी (फर्म/कम्पनीको हकमा दर्ता प्रमाण पत्र,प्यान दर्ता र आधिकारीक निर्णय) पेश गर्नु पर्नेछ।
- **बोलपत्र खोल्ने मिति र समय :** सूचना म्याद सकिएको भोलिपल्ट दिउँसो २.००बजे संस्थाको कार्यालयमा बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको उपस्थितिमा खोलिने छ । (प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।)

**३. अन्य शर्त :**

- प्राप्त बोलपत्रहरु मध्ये स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहने छ ।
- जग्गा रजिष्टेसन पास गर्दा लाग्ने सम्पूर्ण राजस्व तथा अन्य खर्च खरिदकर्ता स्वयंले व्यहोर्नुपर्ने छ ।
- थप जानकारीका लागी कार्यालय समयभित्र संस्थाको फोन नम्वर वा कार्यालयमा सिधै सम्पर्क गर्न सकिनेछ ।

सम्पर्क विवरण :

**श्रमजिबी वचत तथा ऋण सहकारी संस्था लि.**

**लहान ८ सिरहा**

फोन नं. ०३३५६३९८७, मो.नं. ९८५२८३१०३२


# कर्फ्युको प्रभाव न्यायालयमा, सुनसरी अदालतको काम ठप्प

विराटनगर, १३ साउन । सुनसरीको देवानगन्ज–३ कप्तानगन्जमा भएको हिंसात्मक घटनापछि सुनसरीमा जारी कर्फ्युको प्रत्यक्ष असर न्यायिक क्षेत्रमा पनि परेको छ। सुरक्षा संवेदनशीलता बढेपछि सुनसरी जिल्ला अदालतले बुधबारका लागि सम्पूर्ण न्यायिक तथा प्रशासनिक सेवा स्थगित गरेको हो । जिल्ला प्रशासन कार्यालय सुनसरीले मंगलबार राति ९ बजेदेखि अर्को आदेश नभएसम्म जिल्लाका विभिन्न स्थानीय तहमा कर्फ्यु आदेश जारी गरेपछि अदालतले सार्वजनिक सूचना प्रकाशित गर्दै सेवा बन्द गर्ने निर्णय गरेको हो ।

सेवाग्राही, कानुन व्यवसायी, कर्मचारी तथा न्याय सम्पादनमा संलग्न सबैको सुरक्षा र सार्वजनिक हितलाई ध्यानमा राख्दै बुधबार कुनै पनि न्यायिक वा प्रशासनिक कामकारबाही सञ्चालन नगरिएको अदालतले जनाएको छ । अदालतले बुधबारका लागि तोकिएका म्याद र तारेखसम्बन्धी व्यवस्थामा पनि विशेष निर्णय गरेको छ । सूचनाअनुसार बुधबारलाई 'शून्य समय'का रूपमा गणना गरिने भएकाले म्याद, तारेख वा हदम्याद गुज्रिएको मानिने छैन । यसबाट सेवाग्राहीलाई कानुनी रूपमा कुनै अतिरिक्त भार नपर्ने अदालतले जनाएको छ ।

अदालतका श्रेस्तेदार टीकेन्द्र वीरजंग राणाले कर्फ्युका कारण सर्वसाधारण अदालतसम्म सुरक्षित रूपमा आउन नसक्ने अवस्था भएकाले सेवा स्थगित गरिएको बताए । उनका अनुसार बिहीबारदेखि सेवा सञ्चालन गर्ने वा नगर्ने विषय भने जिल्लाको सुरक्षा अवस्था र प्रशासनको निर्णयका आधारमा तय गरिनेछ । देवानगन्ज घटनापछि जिल्लाको सुरक्षा अवस्था जटिल बनेको निष्कर्ष निकाल्दै स्थानीय प्रशासनले सुनसरीका विभिन्न १० वटा स्थानीय तहमा मंगलबार रातिबाट लागू हुने गरी अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको थियो । सम्भावित अप्रिय घटना रोक्न, शान्ति सुरक्षा कायम राख्न र सामाजिक सद्भाव जोगाउन कर्फ्यु लागू गरिएको प्रशासनको भनाइ छ । स्थानीयलाई अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन पनि आग्रह गरिएपछि अदालतले पनि सेवा बन्द गरेको हो ।

देवानगन्ज–३ कप्तानगन्जमा दुई पक्षबीच भएको हिंसात्मक झडप नियन्त्रणमा लिने क्रममा सशस्त्र प्रहरीले चलाएको गोली लागेर देवानगन्ज–४ का २५ वर्षीय ओमप्रकाश मेहताको आइतबार राति मृत्यु भएको थियो । घटनामा गोली लागेर नौ जना युवा घाइते भएका छन् भने झडपका क्रममा सुरक्षाकर्मीसमेत घाइते भएका छन् । घटनापछि सुनसरीका विभिन्न स्थानमा दुई समूहबीच झडप, आगजनी, तोडफोड, लुटपाट र आक्रमणका घटना भइरहेका छन् । सुरक्षा अवस्था थप बिग्रन नदिन प्रशासनले लगातार कर्फ्यु आदेश जारी गर्दै आएको छ। सुरक्षा निकायका अनुसार बुधबारदेखि भने जिल्लाको अवस्था केही शान्त बन्दै गएको छ ।

# इन्जिनियर चौधरीविरुद्ध २ करोड २६ लाखको भ्रष्टाचार मुद्दा

काठमाडौं, १३ साउन । सडक डिभिजन कार्यालय, भक्तपुरका इन्जिनियर शैलेन्द्र कुमार चौधरीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार चौधरीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो । उनले दुई करोड २६ लाख १३ हजार १२३ रूपैयाँ ३६ पैसा अवैध आम्दानी गरेको अख्तियारको दाबी छ ।

इन्जिनियर चौधरी सुरू नियुक्ति भएको मिति २०६५ पुस ११ गतेदेखि सम्पत्ति विवरण फाराम भरी आयोगमा बुझाएको मिति २०८२ असार २९ गतेसम्मको अवधिलाई जाँच अवधि कायम गरी अख्तियारले जाँच गरेको थियो । जाँच अवधिमा उनको पारिश्रमिक लगायत एकाघर सदस्यहरूको वैधानिक आम्दानी दुई करोड ७२ लाख ५५ हजार ७६६ रूपैयाँ छ पैसा देखिएको र सो अवधिको कुल व्यय (खर्च तथा लगानी समेत) चार करोड ९८ लाख ६८ हजार ८८९ रूपैयाँ ४२ पैसा देखिएकोले दुई करोड २६ लाख १३ हजार १२३ रूपैयाँ ३६ पैसाको स्रोत पुष्टि हुन नसकेको अख्तियारको ठहर छ । गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति परिवारको नाममा समेत रहेको देखिँदा चौधरी र उनकी श्रीमती अर्पना कुमारी उपरसमेत आरोप पत्र दायर गरिएको अख्तियारले जनाएको छ ।

छुवाछुत एक
सामाजिक अपराध र मानव अधिकारको
हनन् हो ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)